नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बाख्रा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

हरिहरभवन, ललितपुर

# बाखा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः२०७७/०६/२६

**प्रस्तावना:** आयोजनाका लाभग्राही कृषकहरुलाई बाखा पालन सम्बन्धी जलवायु तथा पोषणमैत्री प्रविधिहरुको अवलम्बन मार्फत मासुको उत्पादकत्व बृद्धि गरी आय आर्जन बढाउने अभिप्रायले आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम बाखा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न यो **"बाखा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"बाखा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनुपर्छ ।

(ख) **"आयोजना व्यवस्थापन इकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(ग) **"आयोजना क्लष्टर इकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर इकाईहरूलाई सम्झनुपर्छ।

(घ) **"जलवायु तथा पोषण मैत्री प्रविधि"** भन्नाले आयोजनाले प्रवर्द्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन वा जलवायु परिवर्तनको असर न्यूनीकरण वा अनुकुलन गर्ने र पोषण सुरक्षा प्रवर्द्धन गर्न तथा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रविधिहरुलाई सम्झनुपर्छ ।

(ङ) **"कृषक समुह"** भन्नाले आयोजनाबाट सेवा प्राप्त गर्ने बाखापालक कृषक समूहलाई सम्झनुपर्छ।

सचिव

(च) **"मल्टिप्लायर हर्ड समुह"** भन्नाले शुद्ध बोयर जातका बोकालाई स्थानीय जातका छनौट गरिएका माउ बाख्रासंग प्रजनन् गराई ५० प्रतिशत ब्लड लेभलका बोयर बोकाहरु उत्पादन गर्ने कृषकहरुको समूहलाई सम्झनुपर्छ ।

(छ) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने बाख्रा पालन प्रवर्द्धन कार्यक्रमलाई सम्झनुपर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(झ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(ञ) **"सेवा प्रदायक"** भन्नाले प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थाहरुबाट गाँउपालिकामा खटाईएका प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(ट) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनुपर्छ ।

३. **उद्देश्यः** (१) यस कार्यविधिका देहाय वमोजिमका उद्देश्यहरु रहनेछन् ।

(क) कृषकहरुमा बाख्रा पालन सम्बन्धी जलवायु तथा पोषण मैत्री प्रविधिहरुको अवलम्बन गराउने ।

(ख) मासुको उत्पादकत्व वृद्धि गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने ।

(ग) मल्टिप्लायर हर्ड स्थापना गरी बोयर जातका प्रजनन् योग्य बोका र पाठी उत्पादनमा सहयोग पुऱ्याउने ।

४. **कार्यक्रम विवरण** (१) यो कार्यक्रम आयोजना लागु भएका आठ जिल्लाका १६ गाँउपालिकाहरुमा सञ्चालन गरिनेछ ।

(२) यो कार्यक्रमबाट आयोजना कार्यक्षेत्रका बाख्रा पालक कृषक समुहहरुलाई नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट सिफारिस गरिएका बाख्रापालन सम्बन्धी जलवायु तथा पोषण मैत्री प्रविधिहरुको अवलम्बन गर्न प्रेरित गरिनेछ ।

(३) आयोजना लागु भएका प्रत्येक गाउँपालिकाहरुमा १/१ वटा गरी जम्मा १६ वटा मल्टिप्लायर हर्ड स्थापना गरिनेछ ।

सचिव

## परिच्छेद -२
## बाखाको मल्टिप्लायर हर्ड स्थापना तथा परिचालन

५. <u>मल्टिप्लायर हर्ड स्थापना</u> (१) कृषक समुहहरुमा बोयर जातको बोका आपूर्ति गर्न आयोजना क्लष्टर इकाईले सम्बन्धीत गाउँपालिकासँग समन्वय गरी प्रत्येक गाउँपालिकामा एउटा बाखाको मल्टिप्लायर हर्ड समूह स्थापना तथा परिचालन गर्नेछ ।

(२) मल्टिप्लायर हर्डहरुमा शुद्ध बोयर जातका बोका नेपाल कृषि अनुसन्धान परिषद्बाट आपूर्ति गरी कृषकहरुका स्थानीय जातका छनौट गरिएका माउ बाखासंग प्रजनन् गराइ ५० प्रतिशत ब्लड लेभलका बोयर बोकाहरु उत्पादन गरिनेछ ।

## परिच्छेद -३
## बाखा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया

६. <u>लक्षित वर्ग तथा समूह गठनः</u> (१) खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भूकम्प र बाढी पीडित, खाद्य असुरक्षित, दलित र पिछडीएका, आदिबासी, महिला र विस्थापित समुदायलाई लक्षित गरिनेछ ।

(२) लक्षित वर्ग समावेशका लागि आयोजना लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरु मध्ये देहायका कृषकहरुलाई प्राथमिकता दिई कृषक समूह गठन गरिनेछ ।

(क) बाखा पालनलाइ आय आर्जनको श्रोतको रुपमा लिइरहेका कृषकहरु ।

(ख) बाखा पालन सम्बन्धी जलवायु तथा पोषणमैत्री प्रविधिहरु अवलम्बन गर्न इच्छुक कृषकहरु।

(३) उपदफा (२) बमोजिम गठित कृषक समूहमा सम्भव भए सम्म ६५ प्रतिशत महिला सदस्यहरुको सहभागी गराईनेछ ।

(४) कृषक समुह र मल्टिप्लायर हर्ड समूह सम्बन्धीत गाउँपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने साथै अनिवार्य रुपमा समूहको नाममा बैंक खाता खोल्नु पर्नेछ ।

(५) कृषक समूहलाई समूह परिचालन तथा आयोजना बारे अभिमुखिकरण गराइनेछ ।

सचिव

७. **समुहको माग संकलन:** (१) आयोजना क्लष्टर इकाईले दफा ६ बमोजिम गठित कृषक समुहहरुको निम्न लिखित विवरणहरु संलग्न गरी समुहको माग सङ्कलन गर्नु पर्नेछ ।

(क) पशु उपचार तथा खोप सम्बन्धी विवरण

(ख) उपयुक्त घाँसको बीउ, बेर्नाको माग सम्बन्धी विवरण

(ग) उत्पादित खसी बोकाको विक्री योजना

(घ) समुहलाई आवश्यक तालिमको विवरण

(ङ) आवश्यक अन्य विविध विवरण

८. **सामग्री वितरण:** (१) कृषकहरुले उत्पादन गरेका बाख्राहरुको बृद्धि मापन गर्न एवं विक्री गर्नु पुर्व बाख्राको तौल लिनको लागि प्रत्येक कृषक समुहलाई प्रथम वर्षमा बाख्रा तौल गर्ने दुईवटा डिजीटल तराजु खरिदका लागि अनुदान उपलव्ध गराइनेछ ।

(२) प्रत्येक कृषक समुह एवं मल्टिप्लायर हर्ड समुहलाइ प्रथम वर्षमा १/१ वटा बर्डिजो क्यास्ट्रेटर उपलव्ध गराइनेछ ।

(३) प्रत्येक मल्टिप्लायर हर्ड समुहलाई प्रथम वर्षमा दुईवटा डिजीटल तराजु र एक-एक माइक्रोस्कोप तथा च्याफकटर उपलव्ध गराइनेछ ।

९. **खोर निर्माण:** (१) कृषक समुह एवं मल्टिप्लायर हर्ड समुहका प्रत्येक सदस्यलाई बाख्राको खोर निर्माणको लागि पहिलो वर्षमा अनुदान उपलव्ध गराइनेछ ।

(२) खोर निर्माण गर्दा अनुसुची १ मा उल्लेख गरिएको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(३) खोर निर्माणका लागि दुई किस्तामा, प्रथम किस्ता अधिकतम ५० प्रतिशत रकम र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकी रकम दोश्रो किस्तामा आयोजना क्लष्टर इकाईले समुहको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

१०. **बोयर बोका वितरण** (१) समुहमा रहेका स्थानीय बाख्राहरुको नश्ल सुधारको लागि प्रत्येक कृषक समुहलाई दोश्रो वर्षमा दुईवटा बोयर बोका (५० प्रतिशत ब्लड लेभलको) खरिदका लागि अनुदान उपलव्ध गराईनेछ।

(२) समुहलाई दफा ५ बमोजिम स्थापना भएका मल्टिप्लायर हर्डबाट ६ देखि ८ महिना भित्रका बोयर बोकाहरु उपलव्ध गराउनका लागि समन्वय गरिनेछ ।

(३) समुहलाई वितरण गरिने बोका स्वस्थ, सक्रिय र पि पि आर खोप लगाईएको हुनुपर्नेछ।



सचिव

(४) मल्टिप्लायर हर्ड समुहले उपदफा (२) र (३) अनुसार बोयर बोका कृषक समुहलाई वितरण गर्दा अनुसुची २ अनुसारको स्वस्थता र जातिय शुद्धताको प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

११. <u>घाँसको बीउ, बेर्ना, सेट्स वितरण</u> (१) कृषकहरुले माग गरिएका घाँसको बीउ, बेर्ना र सेट्सहरु लगाउनका लागि प्रत्येक समूहलाइ १२ रोपनी जग्गामा आवश्यक बीउ, बेर्ना र सेट्सहरु पहिलो र दोश्रो वर्षमा अनुदानमा उपलब्ध गराईनेछ ।

१२. <u>पशु उपचार तथा खोपको व्यवस्था</u> (१) पशु रोग उपचार, परजिवि नियन्त्रण एवं रोग रोकथामका लागि पि पि आर खोप कार्यक्रम दुबै वर्ष सञ्चालन गरिनेछ ।

१३. <u>तालिम संचालन</u> (१) कृषकहरुलाई समूहको माग अनुसारको विषयमा बाख्रापालन सम्बन्धी ३ दिने तालिम पहिलो वर्ष सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने तालिममा असल पशुपालन अभ्यास, पशु स्वास्थ्य, नश्ल सुधार, खोर सुधार र पशु आहारा व्यवस्थापन आदि सम्बन्धी तालिम विषयहरुलाई प्राथमिकता दिईनेछ ।

(३) दफा ६ बमोजिम समूहको मागमा आधारित विषयमा १ दिवसीय स्थलगत अभिमुखिकरण/तालिम दुबै वर्ष सञ्चालन गरिनेछ ।

(४) मल्टिप्लायर हर्ड समुहमा प्रथम वर्षमा स्थानीय कच्चा पदार्थ प्रयोग गरी कम मुल्यमा दाना बनाउने विधी प्रर्दशन गरिनेछ ।

## परिच्छेद -४

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

१४. <u>अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था:</u> (१) कृषक समूह र मल्टिप्लायर हर्ड समुहले अनुसुची ३ र ४ बमोजिम अभिलेख राख्नु पर्नेछ र सो को प्रतिवेदन उपदफा ४ बमोजिम आयोजना क्लष्टर इकाईमा पठाउनु पर्नेछ ।

(२) सेवा प्रदायकले मल्टिप्लायर हर्ड समुह सदस्यहरुका सबै बाख्राहरुलाइ ट्यागिङ गर्नु पर्नेछ।

(३) मल्टिप्लायर हर्डका सबै बाख्राहरुको अभिलेखिकरण तथा अनुसुची ४ बमोजिमको तथ्याङ्क संकलनका लागि सहमतिमा मल्टिप्लायर हर्ड समुहको एकजना सदस्यलाई तथ्याङ्क संकलनको जिम्मा दिइनेछ ।

सचिव

(४) उपदफा (१) र (३) बमोजिम अभिलेख तयारका लागि गाँउपालिकामा कार्यरत आयोजनाका सेवा प्रदायकहरुले सहयोग गर्ने र सो को प्रगती अनुगमन तथा मूल्याङ्कन अधिकृतले सङ्कलन गरी मासिक, चौमासिक र वार्षिक रुपमा आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ ।

(५) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईको हुनेछ साथै आवश्यकता अनुसार सम्बन्धीत गाँउपालिका वा अन्य निकाय सँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

## परिच्छेद -४
## विविध

१५. **आर्थिक पक्ष:** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** को अनुसुची **3.1. III.A, B** मा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिका आधारमा समुहको बैङ्क खाता मार्फत गर्नुपर्नेछ ।

१६. **गुनासो तथा उजुरी:** (१) यस कार्यक्रम सञ्चालन सँग सम्बन्धीत कुनै किसिमका उजुरी वा गुनासोहरु आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१७. **अमान्य हुने** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

१८. **प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानून, नियम बमोजिम हुनेछ ।

१९. **बाधा अड्काउ फुकाउने:** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०. **खारेजी तथा संशोधन:** (१) निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्ने सक्नेछ ।

सचिव

## अनुसूची-१

## बाख्राको खोर निर्माणका मापदण्डहरु

(१) खोर बनाउँदा जमीनको सतहदेखि ९० से.मी. उचाइमा टाँड भएको हुनु पर्दछ ।

(२) टाँड बनाउँदा ३.५ से.मी. देखि ४ से.मी. चौडाइका काठ वा बाँसका भाटाहरु बिछ्याएर बनाउनु पर्दछ । दुइवटा भाटाको विचमा १.२५ से.मी. को खाली ठाउँ राखेर टाँड बनाउनु पर्दछ ।

(३) टाँडदेखि छानासम्मको उचाइ १५० से.मी. देखि २२५ से.मी. हुनुपर्दछ ।

(४) काठ, बाँस वा अन्य स्थानीय स्तरमा उपलव्ध अन्य सामग्रीहरु प्रयोग गरी खोरको खम्बा, भित्ता र छाना बनाउन सकिन्छ ।

(५) सामान्यतयाः प्रति पाठापाठी ०.६५ देखि ०.७५ वर्ग मिटर, बयस्क माउको लागि १.५ देखि २ वर्ग मिटर र ब्याडको बोकाका लागि २.५ देखि ३ वर्ग मिटरका दरले खोर भित्र बस्ने स्थान आवश्यक पर्दछ ।

सचिव

## अनुसूची - २
## स्वस्थता र जातीय शुद्धताको प्रमाणपत्र

मल्टिप्लायर हर्डको नामः
ठेगानाः

### स्वस्थता तथा जातिय सुद्धता प्रमाणपत्र

| | |
|---|---|
| बोका/बाख्राको टयाग नम्बर: | जन्म मिति: |
| बोका/बाख्राको जात: | जातीय शुद्धता प्रतिशत: |
| शरीरको रंग: | जन्म किसिमः एकल/जुम्ल्याहा/तिम्लिहा |
| माउ बोकाको लाईन आई डी नं: | माउ बोकाको शुद्धता प्रतिशत: |
| माउ बाख्राको आई डी नं: | माउ बाख्राको जात: |
| माउ बाख्राको शुद्धता प्रतिशत: | |
| बिक्री गरिने पाठा/पाठी/बोका/बाख्राको तौल किलोमा: | तौलिएको मिति: |
| **प्रजनन कृषक समूहको नामः** | **प्रजनन् कृषकको नामः** |
| जिल्लाः | गाँउ/नगरपालिका |
| गाँउ/टोल: | वार्ड नं: |

**खोप बिवरण**

| | |
|---|---|
| खोपको किसिम | खोप लगाएको मितिः |
| खोपको किसिम | खोप लगाएको मितिः |

**परजिवी नियन्त्रण**

| | |
|---|---|
| परजिवीको नाम | औषधी खुवाएको मितिः |
| परजिवीको नाम | औषधी खुवाएको मितिः |

**स्वास्थ्य परीक्षण**

अधिकृत पशु चिकित्सकको स्वास्थ बारे संक्षिप्त टिप्पणी

(स्वास्थ जाँचको बेलामा शारिरिक अवस्था, आहारा तर्फको रुची, तापक्रम, स्वास प्रस्वास, रुमेनको चाल, मलमूत्रको अवस्था र जीउको चमक र वातावारण प्रतिको प्रतिकृया समेत उल्लेख गरी स्वास्थ्य सम्बन्धमा प्राविधिक राय स्पष्ट रुपमा लेख्ने)

प्रमाणित गर्ने समूह अध्यक्षको नाम र दस्तखत

स्वास्थ्य परिक्षण र प्रमाणित गर्ने स्थानीय निकायको प्राविधिकको नाम र दस्तखत

सचिव

अनुसूची - ३

## अभिलेख ढाँचा

### बाख्रापालन सम्बन्धी अभिलेख (प्रत्येक कृषक सदस्यले भर्ने)

कृषकको नामः कृषकको संकेत नं. फोन नं.
समुहको नामः समुहको संकेत नं.
जिल्लाः गाँउपालिकाः वार्डः
महिनाः आर्थिक वर्षः

| गते | बाख्राको संख्या | | | | व्याएको संख्या | | | बाली गएको संख्या | मृत्यु संख्या | खरिद गरेको संख्या | विक्री गरेको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माउ | छतौरा | पाठापाठी | जम्मा | पाठा | पाठी | जम्मा | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| ३० | | | | | | | | | | | | |

अनुसूची - ४

## अभिलेख ढाँचा

### बाख्राहरुको प्रजनन् सम्बन्धी अभिलेख (मल्टिप्लायर हर्डका प्रत्येक कृषक सदस्यले भर्ने)

कृषकको नामः कृषकको संकेत नं. फोन नं.
समुहको नामः समुहको संकेत नं.
जिल्लाः गाँउपालिकाः वार्डः
महिनाः आर्थिक वर्षः

| मिति / गते | बोकाको ट्याग नं | बोकाको जात | बोकाको उमेर | बालि लगाएको बाख्राको ट्याग नं | बाख्राको जात | बाख्राको उमेर | औषधी उपचार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| .... | | | | | | | | |
| .... | | | | | | | | |
| ३० | | | | | | | | |



सचिव